# बेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बेसीशहर, लमजुङ
## गण्डकी प्रदेश नेपाल

प.सं. : २०७६।७७
च.नं.

मिति: २०७७०३।२१

**"आर्थिक वर्ष २०७७/७८ को लागि ढुंगा, गिटी, बालुवा तथा ग्राभेल उत्खनन्, संकलन, क्रसिङ्ग र विक्री कार्यको दरभाउ-पत्र आव्हान सम्बन्धी"**

## सूचना ! सूचना !! सूचना !!!

**(प्रथम पटक प्रकाशित मिति : २०७७/०३/२१ गते)**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (प) को बुँदा नं. ७ तथा ६४ को उपदफा १ (च) ले दिएको अधिकार प्रयोग गरी यस बेसीशहर नगर कार्यपालिकाको निर्णयानुसार आर्थिक वर्ष २०७७/७८ को लागि प्राकृतिक स्रोत उपयोग कर असुली सम्बन्धी कार्य ठेक्काद्वारा गराउन यो ३० (तीस) दिनको सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र कानूनी प्रक्रिया पुरा गरेका ईच्छुक फर्म वा कम्पनी वा व्यक्तिले दरभाउ पत्र खरिद गरी देहायको मिति र समय भित्र सिलबन्दी दरभाउ पत्र यस कार्यालयमा पेश गर्नहुन जानकारी गराइन्छ । अन्य थप जानकारीका लागि यस कार्यालयको सूचनापाटी तथा कार्यालयको वेभसाईट www.besisaharmun.gov.np मा तथा कार्यालय समयभित्र कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

### ठेक्का विवरण

| क्र. सं. | आय ठेक्का नं. | नदी, खोला तथा खोल्साको विवरण | उत्खनन् गरिने घाटको नाम तथा स्थान | वडा नं. | न्यूनतम ठेक्का रकम (मु.अ.कर/अन्य करवाहेक) | दरभाउ-पत्र फाराम दस्तुर | उत्खनन् गर्न पाइने सामाग्री |
|---|---|---|---|---|---|---|---|
| १ | १/२०७७।७८ | मर्स्याङदी नदी | मर्स्याङदी नदी रिट्वेर घाट | १ | १२,५०,०००/- | १००० | वालुवा ग्राभेल |
| २ | २/२०७७।७८ | मर्स्याङदी नदी र अंधेरी खोल्सी | गैरीवगर घाट, पुलदेखि अंधेरीखोला सम्म | १ | १,००,०००/- | १००० | वालुवा ग्राभेल |
| ३ | ३/२०७७।७८ | मर्स्याङदी नदी | भकुण्डे थुम्कामुनीको मरनघाट (वउरघाट) | २ | १,५०,०००/- | १००० | वालुवा ग्राभेल |
| ४ | ४/२०७७।७८ | मर्स्याङदी नदी | वोहोराबेसी देवीस्थान तातोपानी घाट (प्रस्तावित औधोगिक ग्राम माथि) | २ | ५०,०००/- | १००० | वालुवा ग्राभेल |
| ५ | ५/२०७७।७८ | मर्स्याङदी नदी | मर्स्याङदी नदी गैरी क्याम्पस मुनी | २ | १०,००,०००/- | १००० | वालुवा ग्राभेल |
| ६ | ६/२०७७।७८ | मर्स्याङदी नदी | रानीकुवा टापु मुनीको वगरघाट देखि आँपचौरको पुलमाथि सम्म | ३ | ५,००,०००/- | १००० | वालुवा ग्राभेल |
| ७ | ७/२०७७।७८ | मिदिम खोला, राम्चेखोला | नाल्मा मिदिमखोला पुल वरपरदेखि हाइड्रो पावरसम्म | ५ | १,५०,०००/- | १००० | वालुवा ग्राभेल |
| ८ | ८/२०७७।७८ | मर्स्याङदी नदी | पुवाखोला दोभान (सातविसे पुलमाथिदेखि बाँझाखेत पुलसम्म) | ६ | २,००,०००/- | १००० | वालुवा ग्राभेल |
| ९ | ९/२०७७।७८ | मर्स्याङदी नदी | बेलौती विसौना | ६ | ८,००,०००/- | १००० | वालुवा ग्राभेल |
| १० | १०/२०७७।७८ | मर्स्याङदी नदी | सातविसे डील मुनी मरनघाट (सातविसे पुल वरपर) | ७ | २,००,०००/- | १००० | वालुवा ग्राभेल |



नि. प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११ | ११/२०७७७८ | विम्दावेसी | विम्दावेसीको साप्लेकुना भिरको ढुंगाखानी | ९ | ५,००,०००।- | १००० | ढुंगा, ग्राभेल |
| १२ | १२/२०७७७८ | मर्स्याङदी नदी | लेतेफाँट पुलदेखि भाचोक खोला दोभानसम्म (खासुर अक्कर) | १० | ५,००,०००।- | १००० | वालुवा ग्राभेल |
| १३ | १३/२०७७७८ | मर्स्याङदी नदी | बाँझाखेत मोटरेवल पुलदेखि भाचोक खोला दोभानसम्म (भोटेफाँट) | १० | २,५०,०००।- | १००० | वालुवा ग्राभेल |
| १४ | १४/२०७७७८ | मर्स्याङदी नदी | बरवोट खोला सिमानादेखि खहरे खोलाको सिमानासम्म (आँपचौर, पासाचौर) | १० | ३,००,०००।- | १००० | वालुवा ग्राभेल |
| १५ | १५/२०७७७८ | मर्स्याङदी नदी | तालखोलादेखि बेलौती विसौना झोपुसम्म (लेतेगंगा) | १० | ७५,०००।- | १००० | वालुवा ग्राभेल |
| १६ | १६/२०७७७८ | दोर्दी खोला | दोर्दी खोला पुलदेखि चित्रेपहरा मुनी हुँदै मालेवगरसम्म | ११ | १,५०,०००।- | १००० | वालुवा ग्राभेल |
| १७ | १७/२०७७७८ | दोर्दी खोला र मर्स्याङदी नदी | त्रिवेणी घाट (तल्लो र माथिल्लो घाट) | ११ | ७,००,०००।- | १००० | वालुवा ग्राभेल |
| १८ | १८/२०७७७८ | मर्स्याङदी नदी, वरवोट खोला | चिती वरवोट खोलादेखि मर्स्याङदी नदी दोभान क्षेत्र (चेपाङटार मुनी) | ११ | २५,००,०००।- | ३००० | वालुवा ग्राभेल |

## शर्तहरु

१. ठेक्काको अवधी दरभाउ-पत्र स्वीकृत भई सम्बन्धीत बोलपत्रदातासंग नगरपालिकाले गरेको सम्झौतामा उल्लेख गरेको अवधि अनुसार हुनेछ ।

२. यो सूचनामा प्रकाशित गरिएका दरभाउ-पत्रहरु सुचना प्रकाशित भएको मितिले ३१औं दिनसम्म कार्यालय समयभित्र बेशीसहर नगरपालिकाको कार्यालय, राजश्व शाखाबाट खरिद गर्न सकिनेछ । खरिद भएका बोलपत्रहरु ३१औं दिन अपरान्ह १२:०० बजे भित्र नगरपालिका कार्यालयमा दर्ता गर्नुपर्ने छ । दर्ता हुन आएका बोलपत्रहरु सोही दिन दिन २:०० बजे खोलिनेछ ।

३. दरभाउ-पत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर वापतको रकम यस कार्यालयको रा.वा. बैंक, बेशीसहर शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ग-१-१ –३०४००३०१०१०००२ मा दाखिला गरेको भौचर वा कार्यालयको राजश्व शाखामा रकम दाखिला गरेको रसीद, दरभाउ-पत्र फाराम खरिद गर्दा नियमानुसार चाहिने आवश्यक कागजात नेपाली नागरिकताको प्रतिलिपि, मु.अ.कर दर्ताको प्रमाण, कर चुक्ताको प्रमाण, फर्म दर्ता र नविकरणको प्रमाण आदिको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्ने छ । बोलपत्रदाताले खामको बाहिर पट्टि ठेक्का नं., ठेक्काको विवरण र नाम प्रष्ट बुझिने गरी लेख्नु पर्नेछ । दरभाउ पत्र खरिदकर्ताले प्रत्येक ठेक्काको लागि छुट्टाछुट्टै दरभाउ पत्र फाराम खरिद गरी छुट्टाछुट्टै दर्ता गर्नुपर्नेछ ।

४. ठेक्का लिन चाहने इच्छुक फर्मले आफुले कबोल गरेको अंकलाई आधार मानी धरौटी वापत कबोल अंकको नेपाली नागरिक भए ५ प्रतिशत रकम धरौटी राख्नु पर्नेछ । धरौटी वापतको रकम यस बेशीसहर नगरपालिका कार्यालयको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंकको खाता नं. ग-३ ३०४००३०३००००००२ धरौटी खातामा नगदै जम्मा गरेको भौचरको सक्कल प्रति वा "क" वर्गको वाणिज्य बैकबाट जारी गरेको कम्तीमा १२० दिन अवधिको विडवण्डको सक्कल प्रति पेश गरेको हुनुपर्नेछ ।

५. कबोल गरेको रकम एकमुष्ट अग्रिम रुपमा बुझाएमा औचित्यका आधारमा १० प्रतिशतसम्म रकम छुट दिन सकिनेछ । तर नियमानुसार लाग्ने मु.अ.कर प्रयोजनका लागि भने छुट दिईने छैन ।

६. दरभाउ-पत्र खरिदकर्ताले आफुले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्ट देखिने गरी लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । दर्ता भएका सिलबन्दी दरभाउ-पत्र फिर्ता तथा संसोधन हुने छैन ।

७. दरभाउ-पत्र खरिद तथा दाखिला गर्ने दिन वा खोलिने दिन सार्वजनिक बिदा परेमा सोको भोली पल्ट माथि उल्लेखित समयमा दाखिला गर्नुपर्नेछ साथै त्यसै बमोजिम खोलिने कार्यक्रम पनि हुनेछ ।

८. रितपूर्वक दाखिला भएका दरभाउ-पत्र मध्ये घटी वा बढीवालाको दरभाउ-पत्र स्विकृत गर्ने वा नगर्ने वा सूचना रद्ध गर्ने वा सूचना संसोधन लगायतका आदि सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । साथै कुनै शर्त सहितको दरभाउ-पत्र स्विकार्य हुने छैन ।

९. ठेक्का प्राप्त गर्नेले नेपाल सरकार, प्रदेश सरकार तथा नगरपालिकाको कार्यालयले समय समयमा दिएको निर्देशनको पालना गर्नु पर्नेछ । साथै कार्यालय तथा ठेक्का लिने बीच कुनै विवाद उत्पन्न भएमा यस नगरपालिकाले गरेको निर्णय नै अन्तिम हुनेछ ।

१०. बुँदा नं. ६ बमोजिम एकमुष्ट रकम नबुझाएमा कूल कबोल अङ्क मध्ये पहिलो किस्तामा कबोल अंकको ५० प्रतिशत रकम बुझाउनु पर्नेछ । बाकी रकमको ठेक्का अवधिमा १ महिना थप अवधि भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गका वाणिज्य बैंकको जमानत (परफमेन्स वण्ड) पेश गरे पश्चात मात्र ठेक्का सम्झौता गरी चलान पुर्जी दिईनेछ । दोश्रो किस्ता रकम २०७७ चैत्र मसान्त भित्र बुझाउनु पर्नेछ ।

११. ठेक्का लिनेले सम्झौता पत्र/पट्टापुर्जीमा तोकिएका वस्तुहरुमा मात्र तोकिए बमोजिमको दरमा रोयल्टी संकलन गर्नु पर्नेछ । रोयल्टी दर गण्डकी प्रदेश सरकारबाट स्वीकृत आर्थिक ऐन, २०७५ को अनुसुची ६ को अन्तर्गतमा रही नगरसभाबाट तोकिएको दर बमोजिम हुनेछ । सो भन्दा फरक हुने गरी कर संकलन गरेमा नियमानुसार कारवाही हुनेछ ।

१२. प्रचलित नियमानुसार कालोसूचीमा परेका र नगरपालिकाको कार्यालयलाई बुझाउनु पर्ने बाकी बक्यौता भएका व्यक्ति, फर्म तथा कम्पनीहरुको दरभाउ पत्र उपर कुनै कारवाही हुनेछैन ।

१३. ठेक्का सुचना बमोजिम प्रतिस्पर्धामा भाग लिन इच्छुक फर्म/व्यवसायीलाई सहभागी हुन नदिने गरी कसैले छेकथुन गरेमा, मिलेमतो गरी सिमित प्रतिस्पर्धा गरेको पाइएमा पुनः सुचना गर्न सकिनेछ ।

१४. कर संकलन गर्ने रसिदहरु ठेकेदारले आफ्ना तर्फबाट छपाई सो रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई मात्र प्रयोग गर्नुपर्नेछ । कार्यालयबाट अनुगमन गरिदा प्रमाणित नभएको रसिद फेला परेमा नियमानुसार कारवाही गरिनेछ ।

१५. ठेक्का सम्झौतापछि नगरपालिका कार्यालयलाई बुझाउनु पर्ने रकममा कुनै किसिमको मिनाहाको लागि दाबी गर्न पाईने छैना

१६. राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट तगारो राखी प्राकृतिक श्रोत कर संकलन गर्न पाईने छैन ।

१७. ठेक्का लिने फर्मले राजश्व संकलन गर्ने स्थानमा दररेट सहितको सूचना पाटी टाँस गर्नुपर्ने छ र राजश्व संकलन गर्ने कर्मचारीलाई परिचय पत्र लगाई मात्र संकलन कार्य गराउनु पर्नेछ ।

१८. नगरपालिकाबाट घाटगढी स्थल नतोकिएको स्थानबाट कसैले पनि नदीजन्य पदार्थ संकलन उत्खनन गर्न पाईने छैन । यसरी घाटगढी नतोकिएको स्थानबाट संकलन/उत्खनन गरेको पाईएमा नगरपालिकाद्धारा तोकिएको जरिवाना गरिनुका साथै नदीजन्य पदार्थ र ढुवानी साधन जफत समेत गर्न सकिनेछ । नदीको किनारबाट भू-क्षय हुने गरी डिल, भिर, भित्तो खनी खोस्री गरी बालुवा, ग्रावेल, गिटी, निकाल्न पाइने छैन ।

१९. बालुवा, ग्रावेल, गिट्टी उत्खनन् गर्दा गण्डकी प्रदेश सरकारबाट स्वीकृत ढुङ्गा, गिटी, बालुवा उत्खनन, संकलन, क्रसिङ र बिक्रि वितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यविधि २०७५ को पालना गर्नुपर्नेछ । बालुवा, ग्रावेल, गिटी, भरान आदि झिक्न कुनै पनि प्रकारको मेसिनको प्रयोग गर्न पाइने छैन ।

२०. भिजेको नदीजन्य पदार्थ ढुवानीमा पूर्ण रोक लगाउनु पर्नेछ । साथै, बालुवा, ग्रावेल, गिटी, आदि छोपेर मात्र ढुवानी गर्ने प्रवन्ध मिलाउनु पर्नेछ । साथै ठेकेदारले बस्ती क्षेत्रमा ध्वनी प्रदुषण नहुने गरी ढुवानीको कार्य गर्न लगाउनु पर्नेछ । ठेकेदारले कामदारहरुका लागि प्राथमिक उपचारका साथै मास्क, हेलमेट आदीको व्यवस्था मिलाउन ढुवानीका साधनहरुलाई जानकारी गराउनु पर्नेछ ।

२१. ठेक्का लिनेले ३/३ महिनामा संकलन तथा उत्खननको परिमाणको लिखित जानकारी कार्यालयमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । साथै सोही समयमा कार्यालयबाट प्रमाणित गरी लगेको प्रयोग भएका अर्धकट्टी नगदी रसिद पनि फिर्ता गर्नुपर्ने छ ।

२२. विहान सुर्योदयभन्दा अगाडी र साँझ सुर्यास्तभन्दा पछि ढुवानीका साधनहरुले घाटगढी स्थलमा प्रवेश गर्न पाईने छैन । यसरी नियम विपरित गएका ढुवानी साधनहरुलाई कानून बमोजिम कारवाही गरिनेछ । खोला र नदीको घाटगढी स्थलहरुमा सम्पूर्ण जानकारी सहितको सूचना पाटी (साईनबोर्ड) ठेकेदार आफैले बनाई सबै सरोकारवालाहरुले देख्ने गरी आफ्नै खर्चमा राख्नु पर्नेछ ।

२३. नेपाल सरकारले बिक्री कर छुटका लागि गरेका निर्णय बाहेक यस बेशीसहर नगरपालिका क्षेत्रभित्र भएर बग्ने नदी खोलाबाट नदीजन्य पदार्थ संकलन/उत्खनन् गरे वापत नगरपालिकाको प्राकृतिक श्रोत कर सबैले तिर्नुपर्नेछ । कसैले नगरपालिकाको प्राकृतिक श्रोत कर तिर्न अटेर गरेमा कानून अनुसार कारवाही गरिनेछ ।

२४. यस सूचनामा उल्लेख भएको शर्तहरु यस ठेक्काको सम्झौता प्रयोजनका लागि अभिन्न अंगको रुपमा मानिने छन् ।

२५. यस सूचनामा उल्लेख भएको विषय यसै सूचना बमोजिम र यस सुचनामा उल्लेख नभएको हकमा प्रचलित ऐन नियम बमोजिम हुनेछ । अन्य सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

२६. यस ठेक्कामा सहभागी हुन चाहने इच्छुक फर्म/संस्था/व्यक्तिले गण्डकी प्रदेश सरकारबाट स्वीकृत आर्थिक ऐन, २०७५, ढुंगा, गिटी, बालुवा उत्खनन, संकलन, क्रसिङ र बिक्री वितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यविधि २०७५ लगायत अन्य सम्बन्धित कागजातहरु राम्रोसंग अध्ययन गर्नुहुन अनुरोध छ ।

किसानराज चिलुवाल
नि. प्रमुख प्रशासकिय अधिकृत



नि. प्रमुख प्रशासकीय अधिकृत